# सम्पादित प्रमुख कार्यको विवरण

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
सल्लेरी, सोलुखुम्बु

## सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

---

आ व २०८२/०८३

**सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

**कोशी प्रदेश सरकार**

स्वास्थ मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सोलुखुम्बु

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
सल्लेरी, सोलुखुम्बु

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सोलुखुम्बु २०६२ सालमा स्थापना भएको एक सरकारी स्वास्थ्य संस्था हो । यो सोलुदुधकुण्ड नगरपालिका वडा नं ६ नया बजार खुम्बुलेमार्गमा रहेको छ । जसले सोलुखुम्बु जिल्लाका जनतालाई आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्दछ। यो स्वास्थ्य मन्त्रालय कोशी प्रदेश अन्तर्ग सञ्चालन हुँदै आएको छ, जसको मुख्य उदेश्य नै "**स्वस्थस्य स्वास्थ्यरक्षणमातुरस्य विकार प्रशमनं च** " (स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा गर्नु तथा रोग लागेका व्यक्तिको उपचार गर्नु ) हो ।

सोलुखुम्बु पूर्वी नेपालको एक दुर्गम हिमाली जिल्ला हो । जहाँ धैरै ग्रामीण क्षेत्रमा आधुनिक स्वास्थ्य सेवामा पहुँच सीमित रहेको छ। यस्तो अवस्थामा आयुर्वेद स्वास्थ्य केन्द्रले निशुःल्क रुपमा बिभिन्न सेवाहरु प्रदान गर्दै आएको छ । यस केन्द्रले आयुर्वेदिक सिद्दान्तका आधारमा रोगको रोकथाम, ओ पि डि सेवा ,पञ्चकर्म / पूर्वकर्म सेवा , उपचारात्मक योग सेवा ,प्रयोगशाला सेवा ,योग सेवा, परामर्श तथा प्रवर्धनात्मक सेवा, बिद्यालय आयुर्वेद तथा योग सेवा, निःशूल्क औषधी वितरण तथा अन्य विभिन्न सेवाहरु निःशूल्क रुपमा प्रदान गर्दछ।साथै परम्परागत विधिबाट रोग निदान, जीवनशैली सम्बन्धी परामर्श जस्ता उपचार सेवाहरू उपलब्ध छन्। यी सेवाहरू प्राकृतिक स्रोतबाट प्राप्त जडीबुटीमा आधारित भई शरीर, मन र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्य राख्दछन् । सोलुखुम्बु जिल्लाका खुम्बुपासाङ गाउपालिका बाहेक सबै स्थानिय निकायहरुमा आयुर्वेद स्वास्थ्य संस्थाहरु स्थापना भई निःशूल्क रुपमा सेवा प्रदान गरिरहेको छ ।

समग्रमा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सोलुखुम्बुले सुलभ, कम खर्चिलो र समग्र उपचार विकल्पहरू प्रदान गरी ग्रामीण स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ।आयुर्वेद तथा उपलब्ध र संभव भए सम्मका अन्य वैकल्पिक चिकित्सा पद्दतिहरु मार्फत उपचारात्मक, प्रचारात्मक तथा सम्वर्धनात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने । स्वास्थ्य ब्याक्तिको स्वास्थ्य प्रवर्धन तथा रोग प्रतिकारका लागि अभियान,कार्यक्रम,तालिम,गोष्ठी आदि जनस्वास्थ्यसंग सम्वन्धित गतिविधि संचालन गर्ने ।

## दरवन्दिगत विवरण

१,आयुर्वेद चिकित्सकः- १ रिक्त

२,कविराजः- १ पद पूर्ती

३,बैद्यः-२ पद पूर्ती

४,सह लेखापालः- १ रिक्त

५,कार्यालय सहयोगीः- २ रिक्त

जम्माः- ७

केशव ढुंगाना
अधिकृत छैटौं

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
सल्लेरी, सोलुखुम्बु

## कार्यक्रम तर्फ

१, आयुर्वेद चिकित्सकः- छात्रवृति करार -१ जना ।

२, ल्याव टेक्निसियनः-१ जना ।

३, बैद्यः- दरवन्दि करार - १ जना ।

४, कार्यालय सहयोगीः-दरवन्दि करार २ जना ।

५, अभ्यंगकर्ताः- २ जना ।

६, सरसफाई करारः- १ जना ।

जम्माः- ८

## कार्यालयगत जिम्मेवारी

१, निमित्त कार्यालय प्रमुखः- श्री बैजनाथ साह -प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले तोकेको कामको साथ साथै कार्यालयको आर्थिक व्यवस्थापन, सुशासन व्यवस्थापन तथा बिरामी परिक्षण लगायत अन्य विविध कार्यहरु ।

२, - आयुर्वेद चिकित्सकः- डा मनिसा राई- OPD मा बिरामिको स्वास्थ्य परिक्षण तथा परामर्श ।

३, बैद्य निरिक्षकः-श्री केशब ढुंगाना-प्रशासन, स्टोर, तथ्यांक तथा सूचना अधिकारी ।

४, बैद्य निरिक्षकः-श्री सुनिल कुमार साह-परामर्श, थेरापेटिक योग तथा मर्म चिकित्सा ।

५, ल्याव टेक्निसियनः-श्री कृष्ण कुमार यादब- प्रयोगशाला संचालन ।

६, बैद्यः- श्री युवराज राई- पञ्चकर्म / पूर्वकर्म सेवा संयोजक MSS Focal Person तथा OPD Counter

७, अभ्यंगकर्ताः-श्री रोशन खत्री-पञ्चकर्म / पूर्वकर्म सेवा संचालन तथा दैनिक विवरण सेवा डिस्प्ले गर्ने ।

८, अभ्यंगकर्ताः-श्री अञ्जना ढकाल घिमिरे- पञ्चकर्म / पूर्वकर्म सेवा संचालन

९, कार्यालय सहयोगीः-श्री सरिता लामिछाने- औषधी वितरण तथा फोहोर मैला व्यवस्थापन ।

१०, कार्यालय सहयोगीः- श्री सरिता बस्नेत-पूर्जा काट्ने तथा फोहोर मैला व्यवस्थापन ।

११, सरसफाई करारः- श्री फूरिमाया तामाङ - सरसफाई तथा जडिबुटि उध्यान हेरचाह ।

केशव ढुंगाना
अधिकृत छैठौं

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
सल्लेरी, सोलुखुम्बु

**कार्यालयले प्रदान गर्ने सेवाहरु**

| क्र सं | नाम |
|---|---|
| १ | बहिरंग OPD सेवा |
| २ | ल्याव सेवा |
| ३ | पञ्चकर्म / पूर्वकर्म सेवा |
| ४ | जेष्ठनागरिक स्वास्थ्य प्रवर्धनात्मक सेवा |
| ५ | मातृ-शिशुसुरक्षा अन्तर्गत जडिबुटिजन्य औषधि वितरण सेवा |
| ६ | नागरिक आरोग्य अभियान तथा समन्व |
| ७ | योग सेवा |
| ८ | परामर्श सेवा |
| ९ | निःशूल्क औषधी वितरण सेवा |
| १० | विद्यालय आयुर्वेद तथा योग सेवा |
| ११ | निःशूल्क आयुर्वेद स्वास्थ्य शिविर |

**निर्णय गर्ने प्रक्रिया र अधिकारी**

**कामको प्रकृति अनुसार सम्वन्धित अधिकारी**

कार्यालय प्रमुख तथा गुनासो सुन्ने अधिकारीः- श्री बैजनाथ साह

सुचना अधिकारीः-श्री केशब ढुंगाना

१, यस कार्यालयबाट दिईने नियमित सेवाहरु जस्तैः दैनिक ओपिडि सेवा,निःशूल्क औषधी वितरण, पञ्च कर्म/पूर्वकर्म सेवा,प्रवर्धनात्मक सेवा,योग सेवा,प्रयोगशाला सेवाहरु आदि नियमित रुपमा संचालनमा रहेको

२, नागरिक आरोग्य सेवा केन्द्रहरु लाई स्थानिय तहमा हस्तान्तरण गरिएको ।

३, नयाँ नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्न स्थानिय तह संग सहजिकरण गरिएको ।

४, अन्य नियमित रुपमा कार्यालयले गर्नुपर्ने कार्यहरु संचालन भई रहेको ।

५, नेपाल सरकार र कोशी प्रदेश सरकारबाट जारी भएका ऐन,नियम तथा कार्यविधि,मापदण्ड आदि ।

केशव ढुंगाना
अधिकृत छैठौं

## आ.व.२०८२/०८३ का सम्पन्न क्रियाकलापहरु

१, दैनिक प्रदान गर्ने आधारभुत स्वास्थ्य सेवाहरु नियमित संचालन ।

२, "योग गरौ स्वस्थ रहौ" भन्ने मुल नाराका साथमा मिति २०८२/०४/१५ गते वाट जि.स.स.प्रमुख तथा आयुर्वेद अस्पताल व्यवस्थापन समिति अध्यक्ष श्री कृष्ण प्रसाद निरौलाको प्रमुख आतिथ्यतामा योङस्टार क्लब दोर्पु सोलुखुम्बुको सभाहलमा नियमित योग सुरुवात भयो । कार्यक्रममा ३२ जना सहभागि ।

३,"योग गरौ स्वस्थ रहौ" भन्ने मुल नाराका साथ निजामती दिवश भाद्र २२ को अवसरमा ३ दिने योग अभ्यास कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २९ जना सहभागि ।

४,नागरिक आरोग्य सेवा केन्द्र माप्य दुधकोशी गा.पा.-३,सोलुखुम्बुमा मिति २०८२/०६/३० गते नागरिक आरोग्य सेवा केन्द्र हस्तान्तरण,समन्वय तथा अभियान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा १९ जना सहभागि ।

५,आयुर्वेद सेवा कार्यक्रम सम्वन्धि समन्वयात्मक कार्यक्रम मिति २०८२/०७/१४ गतेका दिन जि.स.स.प्रमुख तथा आयुर्वेद अस्पताल व्यवस्थापन समिति अध्यक्ष श्री कृष्ण प्रसाद निरौलाज्युको प्रमुख आतिथ्यता तथा सोलुदुधकुण्ड नगरपालिका सोलुखुम्बुका नगर उपप्रमुख गान्धीमाया तामाङज्युको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ३६ जना सहभागि ।

६, नागरिक आरोग्य सेवा केन्द्र महाकुलुङ गा.पा.-१,सोलुखुम्बुमा मिति २०८२/०८/०८ नागरिक आरोग्य सेवा केन्द्र हस्तान्तरण,समन्वय तथा अभियान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २० जना सहभागि ।

७,नागरिक आरोग्य सेवा केन्द्र सोताङ गा.पा.-५,सोलुखुम्बुमा मिति २०८२/०८/२४ गते नागरिक आरोग्य सेवा केन्द्र हस्तान्तरण,समन्वय तथा अभियान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २९ जना सहभागि ।

८, थुलुङ दुधकोशी गा.पा.-३,सोलुखुम्बुमा श्री ईन्द्रमणी दाहालज्युको प्रमुख आतिथ्यतामा मिति २०८२/०९/०५ गते जेष्ठनागरिकहरुलाई स्वास्थ्य परिक्षण गरि रसायन तथा अन्य रोगानुसारको औषधी वितरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ३२ जना तथा अन्य १५ जना गरि ४७ जना सहभागि ।

९, नेचासल्यान गा.पा.-२,सोलुखुम्बुमा श्री रुपा नेवारज्युको प्रमुख आतिथ्यतामा मिति २०८२/०९/०८ गते जेष्ठनागरिकहरुलाई स्वास्थ्य परिक्षण गरि रसायन तथा अन्य रोगानुसारको औषधी वितरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ५३ जना तथा अन्य १८ जना गरि ७१ जना सहभागि ।

१०, माप्यदुधकोशी गा.पा.-३,खास्ताप,सोलुखुम्बुमा श्री बुद्दि किरण राईज्युको प्रमुख आतिथ्यता तथा गौरव राईज्युको विशिष्ट आतिथ्यतामा मिति २०८२/०९/१३ गते महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आयुर्वेद सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ३५ जना सहभागि ।

११,"स्वास्थ्य समाज समृद्द नेपाल र विश्व शान्तिकालागि योग" भन्ने मुल नाराका साथ मिति २०८२/१०/०१ गतेका दिन सोलुदुधकुण्ड नगरपालिका सोलुखुम्बुका नगर उपप्रमुख गान्धीमाया तामाङज्युको प्रमुख आतिथ्यतामा राष्ट्रिय योगदिवश कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ४३ जना सहभागि ।

१२, मेरो स्वास्थ्य मेरो जिम्मेवारी भान्साघर कार्यक्रम मिति २०८२/१०/१० गतेका दिन जि.स.स.उप प्रमुख श्री टिकामाया मगरज्युको प्रमुख आतिथ्यतामा अहेव,अनमी,महिला स्वास्थ्य स्वयंसेविका,आमा

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
सल्लेरी, सोलुखुम्बु

समुह,कृषकसमुह,विद्यार्थी तथा स्थानिय तथा पत्रकारहरुको सहभागितामा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ५३ जना सहभागि ।

१३, मेरो स्वास्थ्य मेरो जिम्मेवारी नाराका साथ जनजागृति मा. वि. सल्लेरी सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८२/११/२७ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा १२० जना सहभागि ।

१४,"आरोग्यताको आधार योग ध्यान र आयुर्वेद उपचार" भन्ने मुल नाराका साथ मिति २०८३/०१/०२ गतेका दिन अन्तराष्ट्रिय आरोग्य दिवश सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी श्री लिला कुमारी पाण्डे खत्री ज्युको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २३ जना सहभागि ।

१५, मेरो स्वास्थ्य मेरो जिम्मेवारी नाराका साथ हिम गंगा मा. वि. चौलाखर्क सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८३/०१/२५ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा ५७ जना सहभागि ।,

१६,"मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारा" का साथ लिखुपिके गा.पा. चौलाखर्क सोलुखुम्बुमा नागरिक आरोग्य अभियान तथा समन्वय कार्यक्रम मिति २०८३/०१/२५ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा २७ जना सहभागि ।

१६,निःशूल्क आयुर्वेद स्वास्थ्य शिविर लिखुपिके गा.पा-३,चौलाखर्कमा मिति २०८३/०१/२६ गतेका दिन सम्पन्न । कार्यक्रममा २३० जना सहभागि ।

१७, "मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारा" का साथ सोलुदुधकुण्ड नगरपालिका -११,तिङला सोलुखुम्बुमा नागरिक आरोग्य अभियान तथा समन्वय र जेष्ठनागरिक कार्यक्रम मिति २०८३/०२/२१ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा योग शिक्षा तथा रसायन औषधी वितरण भयो । ४० जना सहभागि ।

१८, मेरो स्वास्थ्य मेरो जिम्मेवारी नाराका साथ हिमाल दर्शन मा. वि. नेचा सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८३/०२/२४ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा २७५ जना सहभागि ।,

१९,,"मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारा" का साथ नेचा सल्यान गा.पा. सोलुखुम्बुमा नागरिक आरोग्य अभियान तथा समन्वय कार्यक्रम मिति २०८३/०२/२५ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा २४ जना सहभागि ।

२०,"मेरो स्वास्थ्य मेरो जिम्मेवारी" नाराका साथ केदार मा. वि. नेचा सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८३/०२/२५ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा ८७ जना सहभागि ।

२१, ,"स्वास्थ्य वृद्दा अवस्थाकालागि योग" भन्ने मुल नाराका साथ मिति २०८३/०३/०७ गतेका दिन सोलुखुम्बुका प्रमुख जिल्ला अधिकरी श्री लिलाकुमारी के.सी. पाण्डेज्युको प्रमुख आतिथ्यतामा अन्तराष्ट्रिय योगदिवश कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ११० जना सहभागि ।

२२,,"स्वास्थ्य वृद्दा अवस्थाकालागि योग" भन्ने मुल नाराका साथ मिति २०८३/०३/०७ गतेका दिन जनजागृति मा.वि. सोलुखुम्बुमा प्रधानाध्यापक श्री महा प्रसाद फुयालज्युको प्रमुख आतिथ्यतामा "विष्व सद्भाव र मानसिक स्वास्थ्यको लागि योग" विषयमा कक्षा ९,१०,११ र १२ कक्षाका विद्यार्थीहरुमा वक्तृत्व कला कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा १५ जना सहभागिले भाग लिनुभएको तथा विद्यालयका सम्पुर्ण शिक्षकहरु तथा विद्यार्थीहरुको सहभागिता भयो ।

केशव ढुंगाना
अधिकृत

२३,"मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारा" का साथ महाकुलुङ गा.पा. बुङ सोलुखुम्बुमा नागरिक आरोग्य अभियान तथा समन्वय कार्यक्रम मिति २०८३/०३/०९ र १० गतेका दिन महाकुलुङ गा.पा.को आयोजना तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सोलुखुम्बुको सहयोगमा २ दिने कार्यक्रम पालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुलुङको अध्यक्षतामा योग स्वास्थ्य शिविर,महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आयुर्वेदको विषयमा जानकारी तथा सगरमाथा मा.वि बुङमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा १५५ जना सहभागि ।

२४, "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" नाराका साथ विरेन्द्र ज्योति मा. वि. सोताङ सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८३/०२/१२ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा १२० जना सहभागि ।

२६,,"मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारा" का साथ माप्यदुधकोशी गा.पा. खास्ताप,सोलुखुम्बुमा नागरिक आरोग्य अभियान तथा समन्वय कार्यक्रम मिति २०८३/०३/१७ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा २१ जना सहभागि ।

२७, "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" नाराका साथ हिमालय मा. वि. खास्ताप सोलुखुम्बुमा बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मिति २०८३/०३/१८ गतेका दिन सम्पन्न भयो । कार्यक्रममा ४८ जना सहभागि ।

## बार्षिक तथ्यांक विवरण

| क्र. सं. | सेवाको विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | मासिक प्रतिवेदन मूलदर्ता | २९१७ | २१९६ | ५११३ | |
| २ | OPD सेवा | २७८४ | २०९० | ४८७४ | |
| ३ | पञ्चकर्म / पूर्वकर्म सेवा | १४८५ | ८९२ | २३७७ | |
| ४ | जेष्ठनागरिक सेवा | ५७२ | ४३९ | १०११ | |
| ५ | प्रयोगशाला सेवा | ७७९ | ६३४ | १४१३ | |
| ६ | स्तनपायी आमा | १६३ | ०० | १६३ | |
| ७ | योग सेवा | ३८ | ३ | ३१ | नियमित दैनिक |
| ८ | थेरापेटिक योग सेवा | ४३८ | २८५ | ७२३ | |
| ९ | निःशूल्क आयुर्वेद स्वास्थ्य शिविर | १२९ | १०१ | २३० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | परामर्श सेवा | २४० | २०७ | ४६७ | |
| ११ | नागरिक आरोग्य सेवा | २०१३ | १६४७ | ३६६० | |
| १२ | विद्यालय आयुर्वेद योगसेवा | ४१२ | ३०९ | ७२१ | |

## वार्षिक बजेट र खर्चको विवरण

| क्र.सं. | बजेट शिर्षक | विनियोजित बजेट | खर्च जम्मा | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश चालुखर्च | ७९,८७,०००।०० | ५७,८३,७३७।३० | ७२.४२ % | |
| २ | आयुर्वेद स्वास्थ्य सेवा सवलिकरण | १६,७०,०००।०० | १६,६९,०००।०० | ९९.९४ % | |
| ३ | संघ शसर्त कार्यक्रम | १८,३७,०००।०० | १८,३४,५६७।०० | ९९.८७ % | |
| ४ | पूजिगत खर्च | ४,००,०००।०० | ४ ००,०००।०० | १०० % | |

## जिल्ला आयुर्वेद अस्पताल व्यवस्थान समिति

| क्र.सं. | शिर्षक | बजेट |
|---|---|---|
| १ | अल्या बजेट | ८८३५।०० |
| २ | यस आ. व. को आम्दानी | १,५४,५७०।०० |
| ३ | यस आ. व. को खर्च | ९४,३००।०० |
| ४ | जम्मा रकम बाँकी | ६९,१०५।०० |

केशब ढुंगाना

बैद्य निरिक्षक (सुचना अधिकारी)

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सोलुखुम्बु